ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ | संख्या : २२ | प्रमाणिकरण : २०७५।१२।२९
प्रकाशन मिति : २०७५।१२।२९


## भाग - २

## ठाकुरबाबा नगरपालिका

## सुरक्षित विपन्न आवास कार्यक्रम संचालन कार्यविधि, २०७५

विपन्न समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक नेपालको संविधान, २०७२मा व्यवस्था भए बमोजिम विपन्न घरधुरीहरुलाई सुरक्षित आवासको व्यवस्थाको लागी स्थानीय सरकार संचालन ऐन, २०७४ र ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) नियमावली, २०७५ को दफा ३ ले दिएको अधिकार बमोजिम यो कार्यविधि बनाईएको छ ।

सुरक्षित विपन्न आवास कार्यक्रम संचालन कार्यविधि, २०७५

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "**सुरक्षित विपन्न आवास कार्यक्रम संचालन कार्यविधि, २०७५**" रहेको छ ।

(ख) यो कार्यविधि ठाकुरबाबा नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) **"नगरपालिका "** भन्नाले ठाकुरबाबा नगरपालिका लाई सम्झनुपर्छ ।

(ख) "**छनौट तथा कार्यान्वयन समिति**" भन्नाले दफा ११ को उपदफा (क) बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ग) "**सुरक्षित विपन्न आवास**" भन्नाले यस कार्यविधि बमोजिम विपन्न वर्गहरुका लागी गरिएको डिजाईज अनुसार अनुदान सहयोगमा निर्माण गरिने सुरक्षित घर सम्झनु पर्छ ।

(घ) **"लाभग्राही"** भन्नाले दफा ५ बमोजिम छनौट भएको लाभग्राही (घरधनी) लाई सम्झनु पर्छ ।

(ङ) "**विपन्न परिवार**" भन्नाले अनुसुचि १ बमोजिम छनौटमा परेको घरपरिवारलाई सम्झनु पर्छ ।

## परिच्छेद २
## विपन्न घर परिवार पहिचान र कार्यक्रम संचालन स्थान

**३. कार्यक्रम संचालन स्थान**

(क) सुरक्षित विपन्न आवासका लागि अनुदान कार्यक्रम ठाकुरबाबा नगरपालिकाको ९ वटै वडाहरुमा संचालन गरिनेछ ।

(ख) कार्यक्रम संचालन स्थान पहिचान गर्दा संम्भव भए सम्म विपन्न परिवारको एकिकृत आवास निर्माणमा जोड दिईनेछ ।

(ग) यथास्थानमा पुनःनिर्माण गरिने सुरक्षित विपन्न आवास लाई प्राथमिकता दिने गरि निर्माण गरिनेछ।

**४) सुरक्षित विपन्न आवास अनुदान प्राप्त गर्नका लागी तपसिल बमोजिमका कागजात पेश गर्नुपर्ने छ ।**

(क) नेपाली नागरिकताको प्रतिलिपि ।

(ख) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण ।

(घ) जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्वन्धी कागजात वा आफू स्थायी रुपमा सो स्थानमा बसोबास गर्दै आएको भन्ने सम्बन्धित वडाको सिफारिस ।

(ङ) बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको कागज/रसिद ।

सुरक्षित विपन्न आवास कार्यक्रम संचालन कार्यविधि, २०७५

(च) सम्बन्धित वडाले विपन्न परिवार भनी गरेको सिफारिस ।

(छ) ठाकुरबाबा नगरपालिकामा घर अभिलेखिकरण गरेको प्रमाणपत्र ।

**५. लाभग्राहीको छनौट प्रक्रिया :**

(क) सुरक्षित विपन्न आवास कार्यक्रमबाट अनुदान प्राप्त गर्न इच्छुक र मापदण्ड पुगेका सेवा ग्राहिबाट अनुसुचि-३ बमोजिमको ढाँचामा वडामा आवेदन दिन सक्नेगरि नगरपालिकाबाट १५ दिनको सार्वजानिक सूचना जारि गरिनेछ ।

(ख) उपदफा (क) बमोजिम पर्न आएका आवेदनहरु मध्येबाट लाभग्राही छनौट गर्नका लागि सम्बन्धित वडा समितिबाट अनुसुचि १ मा भएका सुचकहरुको आधारमा अंक प्रदान गरिनेछ ।

(ग) उपदफा (ख) बमोजिमका सुचकहरुबाट सबै भन्दा बढि अंक प्राप्त गर्ने घर परिवार पहिलो प्राथमिकतामा पर्ने गरि क्रमशः उच्च अंक प्राप्त सुचिको आधारमा विपन्न घर परिवारको छनौट गरि वडा समितिले नगरपालिकामा सिफारिस गर्नु पर्नेछ ।

(घ) उपदफा (ग) बमोजिम विपन्न घरपरिवार सिफारिस भइ आएपछि सोको आधारमा अन्तिम लाभग्राहिहरुको यकिन गरि कार्यक्रम कार्यान्वय गर्ने कार्य दफा ११ बमोजिमको समितिले गर्नेछ ।

(ङ) लाभग्राहि छनौट गर्दा बृद्ध, एकल महिला, दलित, विपन्न ,अनाथ बालबालिका, जंगलि जनावरबाट निरन्तर पिडित भई रहने तथा अपाङ्गता भएका घर परिवारलाई विशेष प्राथमिकता दिइनेछ ।

(च) सगोलमा रहेका परिवारले एउटै आवासमा मात्र अनुदान प्राप्त गर्न सक्नेछन ।

(छ) एकै परिवारलाई आवास प्रयोजनका लागि सरकारी कोषबाट दोहोरो सुविधा दिइने छैन, तर सरकारी कोष बाहेक अन्य संघ सस्था वा निकायबाट दिईने सहयोग वा समपुरक कोषका लागि बाधा पुगेको मानिने छैन ।

## परिच्छेद ३
## सम्झौता, निर्माण तथा रकम निकासा सम्वन्धी

**६. सम्झौताः**

क) दफा ५ बमोजिम सुरक्षित विपन्न आवासका लागि अनुदान प्राप्त गर्न छनौट भएका सहभागिहरु संग अनुसुचि २ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

ख) सम्झौता गर्ने / गराउने तथा खर्च सम्बन्धि सम्पुर्ण जिम्मेवारि नगरपालिकाको आर्थिक प्रशासन शाखाको हुनेछ ।

**७. निर्माण कार्य र लागत सहभागिताः**

क) लाभग्राहि र नगरपालिका बिच सम्झौता पश्चात नगरपालिकाबाट उपलब्ध गराईएको डिजाईन, इस्टिमेट बमोजिमको ढाँचामा सुलभ शौचालय सहितको घर निर्माण गर्नुपर्नेछ ।

*(नोटः आवश्यकता अनुसार शौचालय छुट्टै निर्माण गर्न सकिनेछ)*

ख) उपदफा (क) बमोजिमको घरको कुल लागतमा नगरपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने रकम बाहेक थप रकम सेवाग्राहि स्वमले लागत सहभागिता गर्नु पर्नेछ ।

ग) उपदफा (क) बमोजिमको ढाँचामा परिवर्तन गरी थप निर्माण गर्नुपर्ने भएमा नगरपालिकाको पुर्व स्विकृति लिनु पर्नेछ ।

घ) उपदफा (क) बमोजिमको निर्माणका लागि प्राविधिक सहयोग ठाकुरबाबा नगरपालिकाबाट उपलब्ध गराईनेछ ।

**८. पूर्वाधार :**

सामुहिक रुपमा कार्यक्रम कार्यान्वयन हुने भएमा त्यस्तो स्थानका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरु जस्तै सडक, खानेपानी, ढल, खुल्ला क्षेत्र आदिको निर्माण कार्य समेत आवश्यकता अनुसार गर्न सकिनेछ ।

**९. अन्य निकायले सहयोग गर्ने :**

(क) सुरक्षित विपन्न आवास कार्यक्रमको थप विस्तारका लागि प्रदेश तथा संघीय सरकारमा (प्रस्तावना) योजना पेश गरी कार्यक्रम विस्तार गर्न सकिनेछ ।

(ख) सुरक्षित विपन्न आवास कार्यक्रममा थप सहयोग र विस्तारका लागि विभिन्न संघ संस्था र दातृ निकाय संग समन्वय र सहकार्य गरिनेछ ।

(ग) नेपाल सरकार र प्रदेश सरकारको पूर्वाधार तथा अन्य सेवा संग सम्वन्धित निकायहरु संग कार्यक्रम संचालन क्षेत्रमा भौतिक सेवा तथा पूर्वाधार विस्तार तथा विकासका लागि कार्य संचालनका लागि सहयोग लिन सकिनेछ ।

**१०. रकम निकासाः**

क) सम्झौता पश्चात लाभग्राहिले नगरपालिकाबाट सिफारिस गरेको बैकमा खाता खोल्नु पर्नेछ ।

ख) नगरपालिकाले लाभग्राहिलाई कार्यप्रगति र सम्झौताको आधारमा बैक मार्फत दुई किस्तामा रकम उपलब्ध गराउनेछ ।

ग) सुरक्षित विपन्न आवासका लागि उपलब्ध गराइने अनुदान रकम प्रति आवास (प्रति परिवार) रु. १ लाख सम्म हुनेछ ।

घ) कुनै लाभग्राहिले विशेष कारण बस निर्माण कार्य सम्पन्न गर्न नसकेमा निर्माण कार्यको मुल्याङ्कन गरि उचित ठहरे बमोजिमको रकम मात्र फरफारक गरिनेछ ।

सुरक्षित विपन्न आवास कार्यक्रम संचालन कार्यविधि, २०७५

## परिच्छेद ४
## समिति सम्वन्धी व्यवस्था

**११. नगर स्तरिय सुरक्षित विपन्न आवास छनौट तथा कार्यान्वयन समिति :**

(क) कार्यक्रम संचालन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय, व्यवस्थापन. अनुगमन मुल्याङ्कन गर्नका लागि देहाय बमोजिमको एक सुरक्षित विपन्न आवास छनौट तथा कार्यान्वयन समिति रहनेछः

| | |
|---|---|
| (१) नगर प्रमुख | -संयोजक |
| (२) कार्यपालिकाबाट मनोनित महिला सदस्य १ | -सदस्य |
| (३) रेडक्रस प्रतिनिधि १ जना | -सदस्य |
| (४) ईन्जिनियर | -सदस्य |
| (५) योजना शाखा प्रमुख | -सदस्य सचिव |

**(ख) नगर स्तरिय सुरक्षित विपन्न आवास छनौट तथा कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) कार्यक्रम संचालन सम्बन्धी वडा क्षेत्रमा कार्यान्वयन गरिने आवास संख्या निर्धारण गर्ने ।

(ख) विपन्न आवास प्राप्त गर्न लाभग्राही छनौटका लागी सूचना आह्वान गर्ने ।

(ग) प्राप्त दरखास्तहरु बाट दफा ४ बमोजिम छानविन गरी लक्षित घरधनिको सिफारिस गर्न वडालाई निर्देशन गर्ने ।

(घ) वडा तहबाट सिफारिस भई आएका लाभग्राही परिवारको अन्तिम टुंगो लगाउने ।

(ङ) कार्यक्रम संचालनको क्रममा कुनै बाधा आईपरेमा फुकाउन सहजिकरण गर्ने ।

(ज) कुनै कारणबस निर्माण कार्य सम्पन्न हुन नसकेमा सोको मुल्याङ्कन गर्न लगाई उचित ठहरे बमोजिमको रकम फरफारक गर्ने ।

(झ) सुरक्षित विपन्न आवास निर्माण कार्य र भौतिक पुर्वाधारका लागि सम्बन्धित निकायहरु संग समन्वय सहकार्य र योजना माग गर्ने ।

(ञ) लेखा शाखा मार्फत लाभग्राही परिवारको सम्झौता गर्न/गराउन लगाई कार्यक्रम कार्यान्वयन गर्ने ।

(ट) आवश्यकता अनुसार अनुगमन मुल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने ।

**(ग) बैठक र सुविधा सम्बन्धी व्यवस्था :**

(१) सुरक्षित विपन्न आवास छनौट तथा कार्यान्वयन समितिको वैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(२) बैठकमा आवश्यकता अनुसार विज्ञ वा सम्वन्धित संस्थालाई आमन्त्रण गर्न सकिनेछ ।

(३) सुरक्षित विपन्न आवास छनौट तथा कार्यान्वयन समितीका पदाधिकारीहरुको बैठक तथा अनुगमन खर्च कार्यपालिकाको बैठक सरह हुनेछ।

सुरक्षित विपन्न आवास कार्यक्रम संचालन कार्यविधि, २०७५

## परिच्छेद ५
## विविध

**१२. बेच बिखन गर्न नपाउने :**

लाभग्राहीले आवास निर्माण सम्पन्न भएको मितिले पाँच बर्षसम्म उक्त आवास बेचविखन गर्न पाउने छैन ।

**१३. कारबाही हुने :**

सुरक्षित विपन्न आवास कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी सुविधा लिएको ठहर हुन आएमा त्यस्ता व्यक्तिले लिएको सुविधा सरकारी बाकि सरह असुल उपर गरी प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**१४. बचाउ :**

क) यसमा उल्लेख नभएका अन्य व्यवस्था नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

ख) यस कार्यविधिको व्याख्या, संशोधन र परिमार्जन गर्ने अन्तिम अधिकार नगर कार्यपालिकामा रहनेछ ।

सुरक्षित विपन्न आवास कार्यक्रम संचालन कार्यविधि, २०७५

## अनुसूची १

## दफा ५ (ख) संग सम्वन्धित

<u>लाभग्राहीहरूको छनौटका आधारहरू</u>

| क्र.सं. | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल प्रतिव्यक्ति वर्गफिटमा | ३० भन्दा कमलाई - १०<br>३० देखी ६० सम्म - ५<br>६० भन्दा बढी - ० | |
| २ | हाल उपभोगमा रहेको घर संगै जग्गाको क्षेत्रफल, प्रतिव्यक्ति प्रतिधुर | १ धुर सम्म - १०<br>५ धुर सम्म - ८<br>१० धुर सम्म - ५<br>२० धुर सम्म - २<br>२० धुर भन्दा माथि -० | |
| ३ | घरभित्रको भूई | माटो - ५<br>ईटा, ढुङ्गा आदी - ३<br>सिमेन्ट - ० | जम्मा फ्लोर एरियाको ५० % वा सो भन्दा बढी क्षेत्रफल भएकालाई अङ्क दिने |
| ४ | घरको गारो | बाँस, चिरपट/कप्टेरो, आदी वा त्यसमा पराल/खरको टाटी - १०<br>बाँस, कप्टेरो, भकारी आदीमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईटामा माटोको जोर्नी -५<br>मिलेको ब्लकको गारो तथा पाकेको ईटामा माटो/सिमेन्टको जोर्नी - ० | ५० प्रतिशत सम्ममा जे छ त्यसैलाई मान्ने । |
| ५ | घरको छानो | फुस, त्रिपाल, प्लाष्टिक सिट आदी -१०<br>अल्वेष्टर, खपटा, टायल, टिन - ५<br>ढलान -० | मुख्य बसोबास गर्ने घरलाई आधार मान्ने । |
| ६ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा निरन्तर बसोबास गर्दै आएको (स्वामित्व पाउन सकिने) वा वडाको सिफारिस (स्वबासी र विवाद रहित) - १०<br>नदीताल किनारामा बसोबास गरेको - ० | |
| ७ | खेतियोग्य जग्गा | अन्यत्र जग्गा नभएको - १०<br>५ कट्ठा सम्म जग्गा भएको -५<br>५ कट्ठा भन्दा बढि जग्गा भएको - ० | |
| ८ | घरमुलिको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिला, निरन्तर जंगलि जनावरबाट पिडित जस्ता घरमूली लाभग्राही भएका - ५<br>अन्य - ० | |

सुरक्षित विपन्न आवास कार्यक्रम संचालन कार्यविधि, २०७५

| | | | |
|---|---|---|---|
| ९ | व्यवसाय (परिवारमा वार्षिक मुनाफा) | २५ हजार सम्म - ५<br>५० हजार सम्म - ३<br>५० हजार देखि माथि- ० | |
| १० | नोकरी ( परिवार भित्र सरकारी, गैह्र सरकारी, निजी) | नगरेको - ५<br>संघसस्था -३<br>सरकारी/INGO -० | |
| ११ | शैक्षिक अवस्था ( सबै परिवार, ५० प्रतिशत सम्म) | निरक्षर - ५<br>सम्म साक्षर - ३<br>प्रमाणपत्र तह सम्म -० | |
| १२ | सार्वजिक पद धारण | कुनैपनि सार्वजानिक पद धारण नगरेका -५<br>समुदायमा आधारित संघ सस्था - ३<br>जनप्रतिनिधि/राजनैतिक दलका प्रमुख - ० | |
| १३ | बालबालिकाको शैक्षिक अवस्था | सामुदायिक विद्यालय मा पठनपाठन गर्ने गरेको भए -५<br>निजी विद्यालयमा पठनपाठन गर्ने गरेको भए-० | |
| १४ | जंगलि जनावरबाट पिडित | निरन्तर पिडित हुने परिवार -५<br>कहिलेकाहि पिडित हुने परिवार - ३<br>पिडित नहुने-० | |

***नोटः उपरोक्त १४ वटा सुचकहरुको आधारमा नम्बर दिदा प्राप्त हुने अधिकतम अंकको आधारमा सेवाग्राहिको प्राथमिकता क्रम निर्धारण गरिने ।***

सुरक्षित विपन्न आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

## अनुसूची-२
### दफा ६ (क) संग सम्वन्धित
### ठाकुरबाबा नगरपालिका र सुरक्षित विपन्न आवास कार्यक्रमका लाभग्राहि बिच अनुदान उपलब्ध गराउने सम्बन्धि सम्झौता पत्र ।

१. कार्यक्रम स्थल :- जिल्ला :-........ नगरपालिका :-.......वडा नः.......................

२. उद्देश्य : आवास निर्माण ।

३. कुल लागत : ...................... न.पा. अनुदानः............... लाभग्राहीको सहभागिता............

४. प्रस्तावित निर्माण कार्य अवधि :

(क) शुरु हुने मिति :- २०...../...../......

(ख) पुरा हुने मिति :- २०................ सम्म

**५. निर्माण कार्य सम्बन्धि सेवा र शर्तहरुः**

क) लाभग्राहि र नगरपालिका बिच सम्झौता पश्चात नगरपालिकाबाट उपलब्ध गराईएको डिजाईन इस्टिमेट बमोजिमको ढाँचामा सुलभ शौचालय सहितको घर निर्माण गर्नुपर्नेछ ।
*(नोटः आवश्यकता अनुसार शौचालय छुट्टै निर्माण गर्न सकिनेछ)*

ख) उपदफा (क) बमोजिमको घरको कुल लागतमा नगरपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने रकम बाहेक थप रकम सेवाग्राहि स्वमले लागत सहभागिता गर्नु पर्नेछ ।

ग) उपदफा (क) बमोजिमको ढाँचामा परिवर्तन गरी थप निर्माण गर्नुपर्ने भएमा नगरपालिकाको पुर्व स्विकृति लिनु पर्नेछ ।

घ) उपदफा (क) बमोजिमको निर्माणका लागि प्राविधिक सहयोग ठाकुरबाबा नगरपालिकाबाट उपलब्ध हुनेछ ।

ङ) सम्झौता पश्चात लाभग्राहिले नगरपालिकाबाट सिफारिस गरेको बैकमा खाता खोल्नु पर्नेछ ।

च) नगरपालिकाले लाभग्राहिलाई कार्यप्रगति र संम्झौताको आधारमा स्वीकृत डिजाइन, लागत ईष्टिमेटमा निर्माण स्थलको आवश्यकता बमोजिम प्लीन्थ (डि.पि.सि.) को काम सम्पन्न भए पछि ५० % र छाना तथा झ्याल ढोका र शौचालय निर्माणको कार्य सम्पन्न भएपछि बाँकी ५०% रकम बैक मार्फत दुई किस्तामा उपलब्ध गराउनेछ ।

छ) सुरक्षित विपन्न आवासका लागि उपलब्ध गराइने अनुदान रकम प्रति आवास ( प्रति परिवार) रु. १ लाख सम्म हुनेछ ।

(ज) यस सम्झौतामा उल्लेखित बाहेक अन्य कुराहरुको हकमा नगर कार्यपालिकाको निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ ।

**६. सम्झौताका पक्षहरु :**

| कार्यालयको तर्फबाट | लाभग्राहीको तर्फबाट |
|---|---|
| नामः | लाभग्राहीको नाम : |
| पदः प्रमुख प्रशासकीय अधिकृत | ठेगाना : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| साक्षी : (१)<br>श्री............... पद............. | साक्षी :(१)<br>श्री................. ठेगाना |

**अनुसूची-३**
**दफा ५ (क) संग सम्वन्धित**
**लाभग्राहीले दिने निवेदनको ढाँचा**

श्रीमान्..............................
.......................................
........................ बर्दिया

**विषयः सुरक्षित विपन्न आवास अनुदान सम्बन्धमा ।**

म ठाकुरबाबा नगरपालिका ... नं. वडा ......... टोलमा स्थायी बसोबास गरिरहेको र मेरो आर्थीक अवस्था कमजोर रहेको हुंदा नगरपालिकाबाट उपलब्ध गराइने सुरक्षित विपन्न आवास कार्यक्रममा समावेश गराई मेरो कि.न............को................क्षेत्रफलमा घर निर्माणका लागि अनुदान रकम उपलब्ध गराई दिनुहुन निवेदन गर्दछु ।

**संलग्न कागजातहरु (भएकोमा मात्र ☑ चिन्ह लगाउनुहोस)**

( ) नेपाली नागरिकताको प्रतिलिपि ।

( ) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण ।

( ) जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको कागजात वा आफू विगत देखि स्थायी रुपमा सो स्थानमा बसोबास गरी आएको भन्ने सम्बन्धित वडाको सिफारिस ।

( ) बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको कागज/रसिद ।

( ) सम्बन्धित वडाले विपन्न परिवार भनी गरेको सिफारिस ।

( ) ठाकुरबाबा नगरपालिकामा घर अभिलेखिकरण गरेको प्रमाणपत्र ।

**निवेदक**

नाम थर............................
ठेगानाः..............................
सम्पर्क नं. .........................
हस्ताक्षर............................

सुरक्षित विपन्न आवास कार्यक्रम संचालन कार्यविधि २०७५

आज्ञाले
पित्री भक्त गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत